# हिलभ्यू हाउजिङ्ग परिवार
# महालक्ष्मी न.पा. वडा नं. २,
# बालकुमारी, ललितपुर

## प्रेस विज्ञप्ति

हालै आएको अविरल बर्षाका कारण देशका विभिन्न स्थानहरुमा बाढी पहिरो तथा डुवानको समस्या आएको सर्वविदितैछ। यसै सन्र्दभमा मिति २०८१ साल असोज १० गते देखि आएको अविरल बर्षाको कारण असोज ११ र १२ गते आएको बाढीका कारण काठमाण्डौको मुटुमा रहेको महालक्ष्मी नगरपालिका वडा नं. २ बालकुमारी स्थित यस हिलभ्यू हाउजिङ्गमा बसोवास गरिरहेका ७२ घरपरिवारका बालबच्चा बुढाबुढी समेत गरी करिव ४०० जना पूर्णरुपमा बाढीको चपेटामा पर्नुका अतिरिक्त यस हाउजिङ्गको सबै घरहरुको भुंइ तलामा बाढी पसी सम्पूर्ण सरसमान लत्ताकपडा लगायत गाडी, मोटरसाइकल, स्कुटर, घरायसी सरसानहरु पूर्ण रुपमा क्षति पुर्‍याई करिब २० करोड बराबरको क्षति भई सो स्थानमा बस्न नसक्ने अवस्थामा स्थानीय प्रहरी प्रभागले रिपोर्ट बनाउन सहयोग गरेका तर राज्यका अन्य तीन तहबाट कुनै पनि किसिमको सरसहयोगको लागि हालखबर बुझ्न समेत नआएको तथा नेपाल सरकारको सार्वजनिक बाटोमा रहेको लेदो सहितको माटो हटाउन र ढल सफा गर्नका लागि आवश्यक सहयोगको लागि अनुरोध गर्दा समेत कुनै पहल र सुनुवाई समेत नगरिएको देख्दा राज्यको सबै संयन्त्र रहेको भनिएको राजधानीको रिङरोडमा जोडिएको स्थानमा समेत यस्तो विकराल अवस्था रहेकोले हामी जस्ता आम नागरिक सरकारबाट पूर्ण उपेक्षा भएको अनुभव भएकोछ ।

यसरी यस हाउजिङ्गमा भएको क्षतिको आँकलन गरी अबआइन्दा यस्तो बाढीबाट बच्न तथा बचाउनको लागि सरकारबाट आवश्यक पहल गरियोस् भनी जोडदार माग गर्दछौं । त्यसको लागि कर्मनासा खोलाको दायाँ बायाँ करिडोर सडक निमार्ण गर्ने तथा खोलालाई अतिक्रमणहुनबाट बचाई खोलाले आफ्नो बाटोमा बग्ने संरचना बनाउनको लागि तुरुन्त आवश्य पहल गरियोस् भनी यसै विज्ञप्ति मार्फत् नेपाल सरकारका सम्बन्धित निकायहरु समक्ष अपिल गर्दछौं ।

साथै, निम्न बुँदाहरुमा आवश्यक पहल गरी तुरुन्त समस्याको दिर्घकालिन समाधान गरिदिनको लागि देशको पिडित नागरिकको तर्फबाट हार्दिक अनुरोध गर्दछौं ।

१. यस हाउजिङ्गले इमान्दार साथ कर्मनाशा खोलाको पूर्वतर्फको कोरिडोरको भाग खालि गरी सडक निर्माण गर्न सहयोग गरेकोमा त्यसको पश्चिमतर्फ **ललितपुर महानगरपालिका तर्फ करिडोर खालि नगरेकोले खोलाको सबै बाहाव यस हाउजिङ्गतर्फ मात्र मोडिएकोहुँदा अत्यधिक क्षति व्यहोर्नु परेको** । त्यसैले, कर्मनाशा खोलाको पूर्वतर्फ अर्थात् महालक्ष्मी नगर पालिकातर्फ करिडोर

तथा कच्चि सडक निर्माण भइसकेकोमा त्यसको पश्चिमतर्फ **ललितपुर महानगरपालिकाले पनि तुरुन्त करिडोर खाली गर्नु पर्ने र सडक खोल्नु पर्ने माग रहेको । सरकारी निकायहरुको समन्वयको अभावमा साधारण नागरिकले व्यहोर्नु परेको नोक्सानको जिम्मेवारी कस्ले लिने** प्रश्न समेत रहेको ।

२. **यस क्षेत्रको भौगोलिक बनावट र जोखिमको तुरुन्त अध्ययन** गरी यस क्षेत्रको कुन कुन स्थानमा **कति जोखिम छ भन्ने सूचना सार्वजनिक गर्नुका साथै** मनोहरामा मिसिने कर्मनाशा खोला सिधै गएर T आकारमा सांघुरो गरी मिसिने गरेकोमा सो **खोलाको मिलन विन्दुको आकार फराकिलो बनाइ Y आकारमा मिसिने व्यवस्था गर्नको लागि सम्बन्धित निकायलाइ तुरुन्त निर्देशन दिनुपर्ने** ।

३. यस्तो विपद व्यवस्थापनको लागि **दिर्घकालीन उपाय खोजिगरी यसको समाधान गर्नुपर्ने** ।

४. बाढीको कारण क्षति भएका सवारी साधन मर्मतमा **आधिकारिक सर्भिस सेन्टरहरुले मनलग्दी रुपमा अत्याधिक रकमको बिल बनाई रकम माग गरिरहेकाले गरेकोले उक्त कार्यको छानविन समिति बनाई कारवाही** गर्नुपर्ने ।

५. साथै, यस क्षेत्रका सबैजसो सावारी साधानहरु बाढीको कारण क्षति भएकोमा **सवारी साधनहरुको मर्मत अवधिभर हरियो स्टिकरमा लग्ने जरिवाना छुट गर्नुपर्ने** तथा बाढीबाट **हाराएका तथा नश्ट भएका कागजात बनाउन सहजिकरण गर्नु पर्ने** ।

६. हालको च्यासल स्थित नेकपा एमाले पार्टी कार्यालय नजीक रहेको **मनोहरा खोलाको पुललाई प्रतिस्थापन गरी रिंगरोडमा रहेको पुल सरह वैज्ञानिक तवरले अग्लो बनाउनु पर्ने** ।

८. कर्मनाशा, मनोहरा तथा बागमती **खोलाहरुमा फोहोर मैला तथा बालुवा भरिएको जस्ता कारणहरुले खोलाको गहिराई कम हुँदै गइरहेकोले सोको नियमित सफा गरी नदीहरुको वास्तविक गहिराइ कायम गर्नु पर्ने** । साथै, खोला बग्ने स्थानमा पार्क र कोरिडोर निर्माण भएकाले उक्त स्थानमा खोलाको **चौडाई बढाउने तथा चौडाइमा एकरुपता कायम गर्नु पर्ने** ।



अध्यक्ष

हिलभ्यू हाउजिङ्ग परिवार,

महालक्ष्मी न.पा. वडा नं. २, बालकुमारी, ललितपुर ।

मितिः २०८१/०६/३०